प्रमाणित गर्ने
नामः थानेश्वर भण्डारी
पदः प्रमुख प्रशासकिय अधिकृत
प्रमाणित मितिः

प्रमाणित गर्ने
नामः शिवराज रिजाल
पदः अध्यक्ष
प्रमाणित मितिः

**निर्णय नं. १ :** यस नौबहिनी गाउँपालिका कार्यपालिका सदस्य श्री सरस्वता भुषालको बुवा झिमूक गाउँपालिका वडा नं. ४ चुधारा निवासी कृष्ण प्रसाद भट्टराईको ७४ वर्षको उमेरमा मिति २०७७ माघ २७ गते निधन भएको हुदा मृत आत्माको चिरशान्तिको कामना गर्दै परिवारमा ईश्वरले धैर्य धारणा गर्ने शक्ति प्रदान गरुन भनि गाउँपालिका परिवारबाट हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :** यस नौबहिनी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को हिउँदे गाउँसभा मिति २०७७ फागुन २६ गते बुधबार बस्ने निर्णय गरियो ।

निर्णय नं. ३ : यस नौबहिनी गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस आर्थिक वर्ष २०७७/०७८ मा नौबहिनी गाउँपालिका वडा नं. ८ मा तपसिल बमोजिमका योजनाहरुमा काम गर्ने निर्णय गरियो।

**तपसिल**

१. खोलिगाउँ लुप्लुङ्ग फोप्ली मैरामारे मोटरबाटो मर्मत

२. खिमवाङ भौने मोटरबाटो निर्माण

३. तिमिले कुरभ्केनी गोरेटोबाटो मर्मत

४. ढुङ्गढुङे खानेपानी मुहान संरक्षण

५. अधेरी गातीना मोटरबाटो मर्मत

६. अधेरी तिन्नाथ गोरेटोबाटो मर्मत

**निर्णय नं. ३ :** सामाजिक विकास शाखा र स्वास्थ्य शाखाबाट यस कार्यपालिका बैठकमा पेश भएको तपसिल बमोजिमको कार्यविधि,मापदण्ड र नियमावली हरु पेश भएबमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. लैंगिक हिंसा निवारण कोष संचालन मापदण्ड, २०७७

२. नौबहिनी गाउँपालिकाको सहकारी नियमावली, २०७७

३. स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी कार्यविधि, २०७७

**निर्णय नं. ४ :** कार्यपालिकाको मिति २०७७ असोज १२ गतेको निर्णय अनुसार गाउँपालिकाले कोभिड १९ नियन्त्रणको लागि गाउँपालिका स्तरीय आइसुलेसन कक्ष बनाउन नौबहिनी गाउँपालिका वडा नं. ६ बहाने निवासी श्री माधवसिँह के सी को घर मिति २०७७ असोज १ गते देखि लागुहुने गरी भाडामा लिएको हुदा उक्त घरमा कोभिड १९ सक्रिय बिरामी नभएको र अहिले होम आईसुलेसन बस्ने व्यवस्था भएको हुदा मिति २०७७ चैत्र १ देखि लागु हुनेगरी घर भाडामा गाउँपालिकाले नलिने भएको हुदा सम्झौता म्याद नथप्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** गाउँपालिकामा गाउँबासीहरुको मागलाई मध्यनजर गर्दै विशेष गरी नागरिकहरुको सेवामा प्रयोग हुनेगरी गाउँपालिकाले एउटा एम्बुलेन्सको खरिद गर्ने निर्णय गरियो । साथै यस खरिद प्रक्रियाको कार्य अगाडी बढाउनको लागि नेपाल रेडक्रस सोसाइटी उपशाखा बहानेलाई जिम्मेवारी दिने र खरिद कार्य सम्पन्न भएपछि कार्यालयबाट रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रमाणित गर्ने
नामः थानेश्वर भण्डारी
पदः प्रमुख प्रशासकिय अधिकृत
प्रमाणित मितिः

नौबहिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुङ्ग, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित गर्ने
नामः शिवराज रिजाल
पदः अध्यक्ष
प्रमाणित मितिः